फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.

# First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

# INTERIM FINANCIAL STATEMENTS

## Condensed Statement of Financial Position

As of Quarter ended 29 Poush 2080 (14/01/2024)

| Particular | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & Cash Equivalent | 650,346,010 | 1,168,483,850 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 30,818,475 | 137,818,475 |
| Placement with Bank & Financial Institutions | - | 100,000,000 |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans & Advances to MFIs & Cooperatives | 6,351,974,176 | 7,656,215,812 |
| Loans and Advances to Customers | 21,769,110 | 20,827,294 |
| Investment Securities | 1,305,600 | 1,305,600 |
| Current Tax Assets | - | - |
| Investment Property | - | - |
| Property and Equipment | 7,507,892 | 8,061,950 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 3,197,446 | 3,197,446 |
| Other Assets | 58,952,780 | 38,607,236 |
| **Total Assets** | **7,125,871,488** | **9,134,517,663** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instrument | - | - |
| Deposit from Customers | - | - |
| Borrowings | 5,448,417,784 | 7,465,041,948 |
| Current Tax Liabilities | 12,044,127 | 7,191,967 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 83,395,153 | 78,328,707 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **5,543,857,064** | **7,550,562,622** |
| **Equity** | | |
| Share Capital | 1,233,826,903 | 1,147,745,956 |
| Share Premium | - | - |
| Retained Earnings | 63,386,279 | 181,576,133 |
| Reserves | 284,801,241 | 254,632,952 |
| **Total Equity** | **1,582,014,424** | **1,583,955,041** |
| **Total Liabilities and Equity** | **7,125,871,488** | **9,134,517,663** |

## Condensed Statement of Profit or Loss

Upto Poush End 2080

| Particular | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 210,731,102 | 463,270,428 | 369,209,632 | 769,191,863 |
| Interest Expense | (137,095,662) | (309,438,174) | (258,821,392) | (538,624,437) |
| **Net Interest Income** | **73,635,440** | **153,832,255** | **110,388,240** | **230,567,426** |
| Fee and Commission Income | 3,178,014 | 13,828,351 | 31,093,362 | 40,583,173 |
| Fee and Commission Expense | (1,684,313) | (1,684,313) | (1,420,869) | (7,315,869) |
| **Net Fee and Commission Income** | **1,493,701** | **12,144,038** | **29,672,493** | **33,267,304** |
| **Net Interest, Fee and Commission Income** | **75,129,141** | **165,976,293** | **140,060,733** | **263,834,730** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **75,129,141** | **165,976,293** | **140,060,733** | **263,834,730** |
| Impairment Charge/Reversal for Loans and Other Losses | - | - | (3,256,809) | (15,892,296) |
| **Net Operating Income** | **75,129,141** | **165,976,293** | **136,803,924** | **247,942,434** |
| **Operating Expenses** | **(15,570,161)** | **(34,011,139)** | **(21,500,808)** | **(41,537,439)** |
| Personnel Expenses | (11,938,674) | (27,237,978) | (18,091,798) | (34,943,762) |
| Other Operating Expenses | (3,111,837) | (5,739,907) | (2,853,314) | (5,482,285) |
| Depreciation and Amortisation | (519,651) | (1,033,254) | (555,696) | (1,111,392) |
| **Operating Profit** | **59,558,980** | **131,965,154** | **115,303,116** | **206,404,995** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **59,558,980** | **131,965,154** | **115,303,116** | **206,404,995** |
| Income Tax Expense | (25,328,787) | (47,050,639) | (34,590,935) | (61,921,499) |
| Current Tax | (25,328,787) | (47,050,639) | (34,590,935) | (61,921,499) |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **34,230,193** | **84,914,514** | **80,712,181** | **144,483,496** |
| **Condensed Statement of Comprehensive Income** | | | | |
| Profit for the Period | 34,230,193 | 84,914,514 | 80,712,181 | 144,483,496 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **34,230,193** | **84,914,514** | **80,712,181** | **144,483,496** |
| Basic Earnings Per Share | | 13.76 | | 25.18 |
| Diluted Earnings Per Share | | 13.76 | | 25.18 |
| **Profit For the Period** | **34,230,193** | **84,914,514** | **80,712,181** | **144,483,496** |
| **Total** | **34,230,193** | **84,914,514** | **80,712,181** | **144,483,496** |

### Ratio As per NRB Directive

| Ratios | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 23.49% | | 14.60% |
| Non-Performing Loan (NPL) to Toal Loan | | 2.87% | | 0.17% |
| Net NPL to Net Loan | | 0.74% | | 0.13% |
| Total Loan Loss Provision to Total NPL | | 140.95% | | 951.98% |
| Cost of Funds | | 10.51% | | 11.98% |
| Credit to Deposit and Borrowing | | 121.49% | | 115.57% |
| Base Rate | | 11.41% | | 12.47% |
| Interest Rate Spread | | 1.51% | | 2.45% |

## Statement of Distributable Profit or Loss

Upto Poush End 2080

| Particular | Current Year (upto This Qtr) | Previous Year (Corresponding Qtr) |
|---|---|---|
| **Net Profit or (loss) as per Statement of Profit or Loss** | **84,914,514** | **144,483,496** |
| **Appropriations** | | |
| a. General Reserve | (16,982,903) | (28,896,699) |
| b. Capital Redemption Reserve | - | - |
| c. Corporate Social Responsibility | (849,145) | (1,444,835) |
| d. Employee Training Fund | - | - |
| e. Client Protection Fund | (849,145) | (1,444,835) |
| f. Other | - | - |
| **Profit or (loss) before Regulatory Adjustment** | **66,233,321** | **112,697,127** |
| **Regulatory Adjustment** | | |
| a. (Interest Receivable)/Previous Accrued Interest Received | (12,261,282) | (14,072,666) |
| b. (Short Loan Loss Provision in Accounts)/Reversal | - | - |
| c. (Short Provision for Possible Loss in Investment)/Reversal | - | - |
| d. (Short Loan Loss Provision on Non Banking Asset)/Reversal | - | - |
| e. (Deffered Tax Asset Reconized)/Reversal | - | - |
| f. (Goodwill Recognized)/Impairment of Goodwill | - | - |
| g. (Bargain Purchase Gain Reconized)/Reversal | - | - |
| h. (Acturial Loss Regognized)/Reversal | - | - |
| i. Other | - | - |
| **Net Profit or (loss) for the year ended available for Distribution** | **53,972,039** | **98,624,461** |
| Opening Retained Earning | 181,576,133 | 219,940,890 |
| Adjustment (+-) | | |
| **Distribution:** | **(172,161,892)** | **(192,898,480)** |
| Bonus Shares Issued | (86,080,946) | (183,253,556) |
| Cash Dividend Paid | (86,080,946) | (9,644,924) |
| **Total Distributabe Profit or (Loss) as on Qtr End Date** | **63,386,280** | **125,666,871** |
| **Annulized Distributable Profit/Loss Per Share** | **9.51** | **19.54** |

**Notes to Interim Financial Statements:**

1. The above figures are subject to change as per the direction of the Regulators and/or External Auditors.
2. The Interim Financial Statements has been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the accounting Standards Board, Nepal and the carve out issued by ICAN
3. Loans and Advances to MFIs and Co-operatives are presented net amount of impairment allowances.
4. Loans and Advances to Customers are presented loans provided to employee, which are measured at amortized costs
5. Previous year figures have been reclassified, restated & corrected wherever necessary for the purpose for comparability.
6. The Interim Financial Statements has been updated in the Microfinane website: www.fmdb.com.np

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)

आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

क) आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यस लघु वित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ। संस्थासंग सम्बन्धित पक्षहरुसंगको कारोबारमा यस संस्थाका संस्थापक शेयरधनी बैंक तथा वित्तीय संस्थाहरु संग भएको कारोबारको विवरण निम्न बमोजिम रहेको छ :

रकम रु. करोडमा

| सम्बन्धित पक्ष | सम्बन्ध | कर्जा सापटी | ब्याज खर्च | अन्य खर्च |
|---|---|---|---|---|
| ग्लोबल आइएमई बैंक लि. | यस संस्थाको ९.९९ प्रतिशत संस्थापक शेयर धारण | १६८.७१ | ६.०७ | - |
| प्रभू बैंक लि. | यस संस्थाको १०.९३ प्रतिशत संस्थापक शेयर धारण | १३.३५ | २.६४ | - |
| कुमारी बैंक लि. | यस संस्थाको ३.६४ प्रतिशत संस्थापक शेयर धारण | १४.४६ | ०.५० | - |
| राष्ट्रिय बाणिज्य बैंक लि. | यस संस्थाको १.७१ प्रतिशत संस्थापक शेयर धारण | १६.९९ | ०.२१ | - |
| ग्लोबल आइएमई क्यापिटल लि. | ग्लोबल आइएमई बैंक लि. को सहायक कम्पनी | - | - | ०.०१ |

यसका साथै माथि उल्लेखित बैंकहरुमा यस संस्थाको बैंक खाताहरु पनि सञ्चालनमा रहेका छन्।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी रु. | मूल्य आम्दानी अनुपात ९एरभ च्वतष्य० | प्रति शेयर नेटवर्थ रु | प्रति शेयर कुल सम्पत्तिको मूल्य रु | तरलता अनुपात |
|---|---|---|---|---|
| १३.७६ | ४५.३१ | १२८.२२ | ५७७.५४ | १२.५० |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको बैंक मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

अघिल्लो आर्थिक बर्ष अन्त्यको तुलनामा यस त्रैमास मसान्तमा तरलता मौज्दातमा ५१.५६ प्रतिशतले संकुचन, संचित नाफा तथा जगेडा कोषमा २०.१८ प्रतिशतले संकुचन भएको छ। यस आ.व. को दोस्रो त्रैमास मसान्त सम्मको खुद मुनाफा अघिल्लो बर्षको दोस्रो त्रैमास मसान्तको तुलनामा ४१.२३ प्रतिशतले घटेको छ। यस आ.व. को दोस्रो त्रैमास सम्ममा यस संस्थाको खुद मुनाफा आठ करोड उनान्चास लाख चौध हजार पाँच सय चौध रहेको छ। यस त्रैमासमा अघिल्लो आ. व. मसान्तको तुलनामा संस्थाको खुद कर्जा लगानी रकम १७.०४ प्रतिशतले घटेको छ। कर्जा असूलीको रकमबाट ब्याजदर लागत बढी भएको ऋण सापटी चुक्ता गर्नुका साथै तरलता व्यवस्थापन गरिएको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

यस लघु वित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय थोक लघु कर्जा सेवा दिने कार्यमा केन्द्रित रहेको छ। साझेदार संस्थाहरु मार्फत अधिकतम ऋणीहरु सम्म वित्तीय पहुँच बृद्धि गर्नका लागि व्यवस्थापनले आगामी दिनमा प्रभावकारी रुपमा काम गर्नेछ। वित्तीय क्षेत्रका विभिन्न सूचकहरु जस्तै ऋणी संस्थाहरुमा बढ्दो जोखिमलाई मध्यनजर गर्दै यस त्रैमास मसान्तमा कर्जा लगानी संकुचित भएकोमा बृहत विश्लेषण पश्चात न्यून जोखिम देखिएका संस्थाहरुमा कर्जा प्रवाह गरि यस त्रैमास मसान्तको तुलनामा वासलातमा बृद्धि गर्दै जाने सम्भावनाहरु रहेका छन्। तसर्थ आगामी त्रैमासमा अवसर र चुनौतीहरुलाई मध्यनजरमा राखी वासलातका सम्पत्तिको गुणस्तर कायम गर्दै संयमताका साथ अघि बढ्ने योजनाहरु रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

चालु आ.व. को यस त्रैमास मसान्तसम्म व्यवसायको आकार अनुसार संचालन मुनाफा सन्तोषजनक रहेको छ। देशको आर्थिक गतिविधिमा देखिएको संकुचन तथा लघुवित्त संस्थाहरु विरुद्धको अप्राकृतिक गतिविधिहरुले गर्दा थप कर्जा प्रवाह तथा असुलीमा थप असर पर्न सक्ने देखिएको छ। केहि संस्थामा बढ्दो जोखिम बाहेक अन्य कर्जा असुली नियमित रहेको छ र संस्थाले ऋणी संस्थाहरुको नियमित रुपमा अनुगमन, जोखिम मूल्यांकन र असुलीमा जोड दिइरहेको छ। आगामी दिनहरुमा संस्थाको नगद प्रवाह, ब्याजदर अन्तरको दर तथा नाफामा समेत केहि असर पर्न सक्ने देखिएको छ भने देशको समग्र आर्थिक स्थिति सुधार भए संगै संस्थाको स्थिति पनि सुधार हुँदै जाने अपेक्षा गरिएको छ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :**

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**

यस अवधिमा संस्थाले कर्जा असूलीको लागि कर्जा असुली न्यायाधिकरणमा दर्ता गरिएको नियमित मुद्दा बाहेक अन्य मुद्दा नभएको र संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

**ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**

संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

**ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**

कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**

यस लघु वित्त वितिय संस्थाको शेयर कारोबारका सम्वन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ। समिक्षा अवधिमा शेयरको मूल्यमा तात्विक असर पार्ने लघु वित्त वित्तीय संस्था विरुद्धको आन्दोलन बाहेक कुनै पनि असामान्य घटना घटेको छैन। यस त्रैमासमा नेप्सेमा जम्मा ४९ दिन कारोबार भएको छ र यस लघु वित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकाङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाइन्छ।

**ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :**

मिति २०८०/०७/०१ देखि २०८०/१०/२९ सम्मको अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न विवरण अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य रु | न्यूनतम मूल्य रु | अन्तिम मूल्य रु | कारोवार भएको कूल दिन | कारोवारको संख्या | कारोवार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| ७०७ | ५६१.१ | ६६५ | ४९ | ५,१५३.०० | ६५४,६९५.०० |

(श्रोत: नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

**५. समस्या तथा चुनौती :**

समस्या : सीमित वित्तीय श्रोत, ऋणी लघुवित्तीय संस्थाहरुमा बढ्दो जोखिम, सदस्यहरुमा वित्तीय साक्षरतामा कमी, लघुवित्त सदस्यहरुको व्यवहारमा परिवर्तन, दक्ष जनशक्तिको अपर्याप्तता आदि।

चुनौती : ऋणी संस्थाहरुमा देखिन थालिएको कर्जा असुलीको समस्या, लघु वित्त वित्तीय संस्था विरुद्धको अप्राकृतिक अभियान, नीति तथा नियममा हुने परिवर्तन, वित्तीय स्रोतको विविधतामा कमी, आयातमुखी अर्थतन्त्र।

रणनीति : खुद्रा लघुकर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु मार्फत लक्षित विपन्न सदस्यहरुमा सेवा विस्तार गर्ने र लगानीमा विविधीकरण गरी जोखिम न्यूनीकरण गर्नु प्रमुख रणनीतिको रुपमा रहेको छ। साथै मानव श्रोतको विकास तथा व्यवस्थापन गर्दै निम्न रणनीतिहरु अवलम्बन गरिने छ :

क. व्यवसायिक सम्बन्ध तथा सूचना प्रणाली विस्तार गर्ने।
ख. व्यवसायिक दिगोपना सुधार गर्ने।
ग. केहि संस्थामा बढ्दो जोखिम न्यूनीकरण गर्ने।
घ. कर्जा लगानी सम्बन्धि रणनीति परिवर्तन गर्ने।
ङ. लागत कटौती गर्ने रणनीति लागू गर्ने।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा कर्मचारी सेवा सुविधा समिति लगायतका समितिहरु र व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। ऐन तथा नियम, नेपाल राष्ट्र बैंकको निर्देशन तथा लघुवित्त वित्तीय संस्थाले बनाएका नीति नियमहरु अनुपालन गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरु तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ जुन सञ्चालक समिति तथा अन्य समितिहरुद्वारा नियमित रुपमा सम्बन्धित विषयमा अनुगमन गर्ने गरिएको छ।

**७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन।